# प्रतिवेदन

१. **कार्यक्रमको शिर्षक** : वस्तुगत विवरण प्रमाणिकरण तथा आवधिक योजना तर्जुमा कार्यशाला ।

२. **कार्यक्रमको परिचय** : गौरीगंगा नगरपालिका र Netherlands Leprosy Relief (NLR) Nepal Dhangadhi , Kailali सँगको साझेदारीमा समावेशी विकास कार्यक्रम लागू भए सँगै नगरपालिकाको पार्श्वचित्र (Profile) निर्माण गर्ने निर्णय भएको थियो । सो कार्यका लागि नगरपालिकाले ५ जना समुदायमा आधारित पुनस्थापना सहजकर्ता नियुक्त गरिएको छ । घरधुरी सर्वेक्षणका लागि प्रत्येक वडाबाट ३/३ जनाका दरले तथ्यांक संकलनकर्ताहरु छनौट गरी Mobile Appication बाट प्रत्येक व्यक्तिको सवै किसिमको तथ्यांक सकंलन गरिएको थियो । यसैगरी संस्थागत तथ्यांक सकंलनका लागि नगरकार्यपालिका सदस्य श्री हंस बहादुर नेपाली ज्यूको संयोजकत्वमा ६ सदस्यीय प्राविधिक समिति गठन गरी १ देखी ११ वटै वडामा गएर वडा भेला मार्फत सम्पुर्ण गौरीगंगा नगरपालिकाको संस्थागत तथ्यांक सकंलन गरियो । यसै सर्न्दभमा संघीय मामिला तथा सा कार्यविधि मान्य प्रशासन मन्त्रालयले पार्श्वचित्र निर्माण सम्बन्धित नमुना कार्यविधि पठाएको थियो । जसमा आठ वटा चरण रहेकोमा छैठौ चरणमा नगरसभाबाट प्रमाणिकरण गर्नुपर्ने भएको हँदा मिति २०७५/१२/२५ गते नगर प्रमुखको अध्यक्षतामा प्रोफाइलको अन्तिम रुप दिन बनेको नगरस्तरीय प्राविधिक समितिको बैठकको निर्णयानुसार मिति २०७५/१२/२८ र ऐ.ऐ. २९ गतेका दिन गौरीगंगा नगरपालिको वस्तुगत विवरण प्रमाणिकरण तथा आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी आयोजना गरियो जसमा सम्पुर्ण नगरसभाका सदस्य ज्यूहरु, नगरस्तरी राजनीतिक पार्टीका प्रतिनिधि ज्यूहरु, नगरपालिकाका सम्पुर्ण शाखा प्रमुखहरु, नगरस्तरी

सरोकारबाला सञ्जालहरुका प्रमुख तथा प्रतिनिधि ज्यूहरु तथा पत्राकारहरुलाई पत्राचार गरियो ।

३) **कार्यक्रमको महत्वपुर्ण विषयबस्तु र घटनाक्रम** : गौरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भीम बहादुर देउवा ज्यूको अध्यक्षतामा शुरु भएको कार्यक्रममा गौरीगंगा नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत श्री हरीश पन्तले स्वागत मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा गौरीगंगा नगरपालिकाका नगर उप-प्रमुख श्री अञ्चला चौधरी ज्यू, सम्पुर्ण नगर सभा सदस्य ज्यूहरु, नगरस्तरीय पार्टी प्रतिनिधि ज्यूहरु, नगरपालिकाका सम्पुण शाखाका शाखा प्रमुखहरु, नगर स्तरीय सरोकारवाला सम्पुर्ण सञ्जालका प्रमुख तथा प्रतिनिधिहरु लगायतको उपस्थिति रहेको थियो । उद्घाटनको औपचारिक कार्यक्रमक पश्चात प्राविधिक सेसनको प्रस्तुतीकरण एन.एल.आर. नेपालका उप निर्देशक ( प्राविधिक ) श्री नन्दलाल बास्तोला लगायतको टिमले गरेको थियो । कार्यक्रमको प्राविधिक सत्र नगरपालिकाको हालसम्म तयार भएको वस्तुगत विवरण सहितको पार्श्वचित्र प्रोजेक्टरको माध्यमबाट सबै विषयबस्तु प्रस्तुतीकरण गरी नगरसभाका सदस्यबाट पारित गरियो । ततपश्चात नगर उप-प्रमुख श्री अञ्चला चौधरी ज्यूको भनाई सहित पहिलो दिनको कार्यक्रम स्थगित गरियो । दोश्रो दिनको कार्यक्रमको शुरुवात कार्यक्रम सञ्चालक श्री भागथी विष्टबाट भएको थियो र अघिल्लो दिनको प्रोफाइलको प्रमाणिकरणलाई पुर्ण रुप दिइयो । दोश्रो दिनको दोश्रो सत्रमा गौरीगंगा नगरपालिकाले कति वर्षे आवधिक योजना तयार गर्ने ? भन्ने विषयमा व्यापक छलफल गरियो । जसका लागि ८ वटा समिति गठन गर्नुपर्ने भएकोमा नयाँ समिति गठन नगरी नगरपालिकामा गठन भएका विभिन्न विषयगत समितिलाई नै यथावत राखी सो समितिमा सम्बन्धित विज्ञलाई बोलाई सम्बन्धित समितिले सम्बन्धित विषयबस्तुलाई पुर्ण रुप दिने भनि निष्कर्ष निकालियो ।

ततपश्चात गौरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भीम बहादुर देउवा ज्यूबाट २ दिनको कार्यशाला गोष्ठीलाई समापन मन्तव्य सहित कार्यक्रमको औपचारिक समापन गरियो । कार्यकमको सञ्चालन गौरीगंगा नगरपालिका वडा नं. ०४ का वडाध्यक्ष श्री भागरथी बिष्टले गर्नु भएको थियो ।

४) **कार्यक्रमको मुख्य सन्देश एवम् महत्व** : गौरीगंगा नगरपालिकाको वस्तुगत विवरण प्रमाणिकरण भए पछि आगामी आ.व. २०७६/०७७ मा सम्बन्धित विषयबस्तुमा प्राथमिकताक्रम अनुसार कार्यक्रम तर्जुमा तथा बजेट विनियोजन गर्न अत्यन्त सहज हुने देखिएकाले यस नगरपालिकाको लागि यो कार्यक्रम एकदमै महत्वपूर्ण देखियो ।

५) **सहभागी संख्या** : १५० जना सम्म ।

६) **कार्यक्रमको निष्कर्ष** : यस किसिमका कार्यक्रम गर्नका लागि नगरसभाबाट आगामी आ.व.मा आवश्यकतानुसार तपशिलको शिर्षकमा बजेट विनियोजन गर्ने गर्नुपर्ने देखियो ।

क) विवरण अद्यावधिक तालिम,

ख) बैठक, कार्यशाला, समिक्षा,

ग) वस्तुगत विवरण पुर्नताजकी कार्यक्रम तथा तालिम

| **प्रतिवेदक (पेश गने)** | **सदर गर्ने** |
|---|---|
| नाम थर : श्री दिपेन्द्र विष्ट | नाम थर : श्री हरीश पन्त |
| पद : सूचना प्रविधी अधिकृत | पद : नि. प्रमुख प्रशासकीय अधिकृत |
| कार्यालय : गौरीगंगा नगरपालिका | कार्यालय : गौरीगंगा नगरपालिका |
| दस्तखत : | दस्तखत : |